# सूर्योदय नगरपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति: २०८२।१२।२३

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आर्थिक ऐनलाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भइ सूर्योदय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-

**(क) "मुल ऐन"** भन्नाले सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## मुल ऐनमा संशोधन

३. **मुल ऐनको अनुसूची १० मा संशोधन:** मुल ऐनको अनुसूची १० मा देहायका बुँदाहरु थप गरिएको छ।

| क्र.स. | वस्तु | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | ढुवानी सेवा | दर्ता दर | | ३०००।- | |
| | ढुवानी सेवा | नवीकरण दर | वार्षिक | २५००।- | |
| | सडेगलेका दाउरा मुडा तथा काठ बिक्रि | दर्ता दर | | ३०००।- | |
| | सडेगलेका दाउरा मुडा तथा काठ बिक्रि | नवीकरण दर | वार्षिक | २५००।- | |

४. **मुल ऐनको अनुसूची २२ मा संशोधन:** (१) मुल ऐनको अनुसूची २२ मा देहायका बुँदाहरु थप गरिएको छ।

| क्र.स. | वस्तु | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | रुख कटान सिफारिस घरायसी प्रयोजन | प्रति रुख | | ५०।- | |
| | रुख कटान सिफारिस व्यवसायिक प्रयोजन | प्रति रुख | | १००।- | |

(२) मुल ऐनको अनुसूची २२ (अन्य व्यवसाय) खण्डमा देहायका बुँदाहरु थप गरिएको छ।

| क्र.स. | वस्तु | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | माछा | प्रति ट्रिप | | ५००।- | |
| | कागति/ तरकारी/ अन्य | प्रति ट्रिप | | ५००।- | |